# रोङ गाउँपालिका

## रोङ गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४

**कार्यपालिकाबाट स्वीकृत मिति :–२०७४।०४।१८**

गाउँ कार्यपालिकाबाट गरिने कार्यलाई व्यवस्थित गर्न नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी रोङ गाउँ कार्यपालिकाले मिति २०७४/०४/१८ को निर्णयानुसार देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम "रोङ गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "गाउँपालिका" भन्नाले रोङ गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "वडा अध्यक्ष" भन्नाले रोङ गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "कार्यकारी अधिकृत" भन्नाले गाउँपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्दछ ।

(ज) "सदस्य" भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पर्दछ र सो शब्दले कार्यपालिकाको अध्यक्ष,उपाध्यक्ष तथा वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(झ) "सभा" भन्नाले गाउँ सभालाई सम्झनु पर्दछ ।

(ञ) "कार्यविभाजन नियमावली" भन्नाले रोङ गाउँपालिकाको कार्यविभाजन नियमावली, २०७४ सम्झनु पर्दछ ।

(ट) "वडा सचिव" भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनु पर्दछ ।

**३. कामको फछ्र्यौट :** (१) गाउँ कार्यपालिकाको कार्यसम्पादन र कामको फछ्र्यौट यस नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कामको फछ्यौट गर्दा तोकिएको अधिकारी वा निकायबाट गर्नुपर्नेछ ।

